२५

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. ४३/२०७१/०७२

झापा जिल्ला गरामनी गा.वि.स. बस्ने ठाकुर प्रसाद रसाइली ..........................................१ निवेदक

विरूद्ध

क्याम्पस प्रमुख, कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा) ............१ विपक्षी

सूचना अधिकारी, कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा) ............१

विषय :- कानून बमोजिम सजाय गरी कागजात उपलब्ध गराई पाउँ ।

झापा जिल्ला गरामनी गा.वि.स. बस्ने ठाकुर प्रसाद रसाइलीले कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।०१ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०८।१५ को आदेश बमोजिम कनकाई बहुमुखी क्याम्पस, कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)को मिति २०७१।०९।१३, च.नं.१८८, प.सं. ०७१/०७२ को पत्रबाट प्रयोजन स्पष्ट नभएको क्याम्पसको शैक्षिक प्राज्ञिक मर्यादामा खलल पुग्ने महशुस गरी सूचना दिनू आवश्यक नभएको भनी यस आयोगमा जानकारी प्राप्त हुन आएको । उक्त क्याम्पसले निवेदकलाई सूचना दिन नसकिने भनी पेश गरेको कारण तर्फ विचार गरी हेर्दा आयोग सहमत हुन सकेन । अतः निवेदकले माग गरेको सूचना उपलब्ध गराउनू । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।